खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
प्रधान कार्यालय, काठमाण्डौ
(विक्री वितरण विभाग)

प.सं.: वि.वि....६:२६....२०७९/०८०

मिति:२०७९/१२/०८ गते

च.नं.: ३९३

बिषय: खाद्यान्न चलान/प्राप्त सम्बन्धी परिपत्र।

श्री खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रादेशिक कार्यालय/मुख्य शाखा कार्यालय/शाखा कार्यालय
सबै।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सामाजिक जिम्मेवारीको रुपमा दूर्गम जिल्लाहरुमा खाद्यान्न अभाव हुन नदिन नेपाल सरकारको स्वीकृत कार्यक्रम बमोजिम ढुवानी र आपूर्तिको व्यवस्था मिलाई आएको छ। नेपाल सरकारले LMBIS मा तोकेका दूर्गम जिल्लाका डिपो र वितरण केन्द्रमा जनशक्ति अभाव हुँदा कर्मचारी व्यवस्थापन हुन नसकेकोले तत्कालको उच्चतम विकल्पको रुपमा ढुवानीकर्ता मार्फत सम्बन्धित जिल्लाको विक्री मूल्यले हुने रकम चलान गर्ने कार्यालयमा अग्रिम जम्मा गर्ने र सम्बन्धित डिपो र वितरण केन्द्र रहेको स्थानमा खाद्यान्न पुर्‍याई सोहि स्थानको गाउँपालिका, उपलब्ध भएमा नजिकको प्रहरी कार्यालय र अन्य सरकारी कार्यालयको समन्वय तथा रेखदेखमा उपभोक्तालाई खाद्यान्न विक्री वितरण गर्ने विधिबाट खाद्यान्न वितरण हुँदै आएकोमा कतिपय दूर्गममा रहेको सम्बन्धित पालिकाहरुबाट खाद्यान्न आए नआएको थाहा नहुने विक्री मूल्यका बारेमा जानकारी नहुने, सम्बन्धित ढुवानीकर्ताको बारेमा जानकारी नहुने साथै प्रादेशिक कार्यालय, मुख्य/शाखा कार्यालयले दूर्गमको प्राप्त गर्ने शाखा कार्यालय अन्तर्गतका डिपो र वितरण केन्द्रमा खाद्यान्न चलान गरेको रकम जम्मा भएको विषयमा कुनै थाहा नहुने र एकै पटक ढुवानीकर्ताले खाद्यान्न वितरण गरेको मुचुल्का पेश गरे पछि मात्र वितरण केन्द्रमा खाद्यान्न आएको रहेछ भन्ने विषय थाहा हुने बुझिएको हुँदा दूर्गम जिल्लाहरुमा खास गरि कर्मचारी नभएका डिपो र वितरण केन्द्रमा लक्षित उद्देश्यका साथ खाद्यान्न ढुवानी आपूर्ति र विक्री वितरणमा सुनिश्चिता प्रदान गर्न अनिवार्य रुपमा देहायका विधिहरु अवलम्बन गर्नु गराउनु हुन यो परिपत्र गरिएको छ। निर्देशनको पालना नगरि खाद्यान्न ढुवानी साथै दूर्गम स्थानमा खाद्यान्न वितरणमा समश्या र गुनासो आएमा तहाँका प्रमुखहरु नै पूर्ण रुपमा जवाफदेही हुनु पर्ने व्यहोरा यसै परिपत्र द्वारा जानकारी गराइन्छ। —

क्रमशः

मोहन प्रकाश चन्द
प्रमुख कार्यकारी अधिकृत

☎ ४२५२७६७ फ्याक्स नं.०१-४२६२४९८ Email:nfcsales75@gmail.com भद्रकाली, प्लाजा

निर्देशनात्मक विधिहरुः

- कर्मचारी नभएको डिपो र वितरण केन्द्रमा खाद्यान्न चलान गर्नु पूर्व प्राप्त हुने जिल्ला/स्थानको विक्री मूल्यले हुने रकम अग्रिम रुपमा कम्पनीमा जम्मा गराउने।
- अग्रिम जम्मा भएको रकम प्राप्त गर्ने जिल्लाको शाखा कार्यालयमा ट्रान्सफर गरि छिटो साधानबाट रकम जम्मा भएको जानकारी गराउने।
- खाद्यान्न चलान गरि सकेपछि प्राप्त गर्ने जिल्लाको शाखा कार्यालय, डिपो र वितरण केन्द्र रहेको गाउँपालिका सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयहरुमा चामलको किसिम, परिमाण खुलेको विवरण र विक्री मूल्यको विवरण छिटो साधनबाट जानकारी गराउने।
- डिपो र वितरण केन्द्रमा ढुवानीकर्ताबाट खाद्याँन्न पुऱ्याएपछि सम्बन्धित पालिकालाई जानकारि गराउने।सम्भव भएसम्म पालिका अध्यक्ष वा उपाध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा सो सभंव नभएमा वा गाउँ कार्यपालिकाबाट टाढा रहेको वडा भएमा सम्बन्धित वडा अध्यक्ष, नजिकको प्रहरी कार्यालय र अन्य उपलब्ध सरकारी कार्यालयहरुको कर्मचारी प्रतिनिधीको रोहवरमा तोकिएको विक्री मूल्यमा (**विक्री मूल्य सार्वजनिक रुपमा जानकारी गराउने**) सबै उपभोक्ताले पाउने गरि खाद्यान्न विक्री गर्ने, प्राप्त र विक्री भएको खाद्यान्नको मुचुल्काहरु पछिसम्म फरक नपर्ने गरि उठाउने र प्रमाणित गर्ने, प्रमाणित मुचुल्काहरु सम्बन्धित जिल्लाको शाखा कार्यालय र कतिपय डिपोमा स्थायी कर्मचारी रहेको स्थानमा वितरण केन्द्रका मुचुल्काहरु डिपोमा पेश गर्ने, प्राप्त मुचुल्काहरु भेरिफाई गर्ने शंका वा दुविधा देखिएमा सम्बन्धित वितरण भएको स्थानमा शाखा प्रमुख वा डिपो प्रमुख स्वयं पुगि बुझि ढुवानीकर्तालाई छिटो/छरितो रुपमा मालप्राप्ती उपलब्ध गराउने सो कार्यबाट ढुवानीमा सहयोग पुग्न सकोस्।
- नेपाल सरकारको ढुवानी अनुदानमा ढुवानी र आपूर्ति हुने दूर्गमका सबै शाखा कार्यालयहरुले छिटोमा प्रत्येक महिना र सो सम्भव नभएमा कम्तिमा तीन महिना भित्रमा जिल्ला खाद्य व्यवस्था समितिको बैठक अनिवार्य रुपमा राख्ने, सो बैठकमा जिल्लामा खाद्यान्न आपूर्ति र ढुवानीको स्थिती, खाद्यान्न ढुवानी र आपूर्तिमा भई आएको व्यवस्थाबाट जिल्लामा आवश्यकता बमोजिम परिमाण परिपूर्ति नहुने देखिएमा वैकल्पिक व्यवस्था तथा स्थानहरु पहिचान गरि खाद्यान्न थप आपूर्तिको लागि सिफारिस गर्ने।खाद्यान्न वितरणको प्रगति समितिलाई जानकारी गराई समर्थन गराउने खाद्यान्न समश्याको

प्रमुख कार्यकारी अधिकृत

☎ ४२५२७६७ फ्याक्स नं.०१-४२६२४९८ Email:nfcsales75@gmail.com भद्रकालीप्लाजा

खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)
प्रधान कार्यालय, काठमाण्डौ
(विक्री वितरण विभाग)



अवस्था साथै विपद्जन्य अवस्थामा खाद्यान्न व्यवस्थाको पूर्व तयारीका विकल्पहरु थप कोटा आवश्यक भएमा कोटा थप गर्ने सिफारिस साथै आगामी वर्षमा खाद्यान्नको आवश्यक पर्ने कोटाको आवश्यकता संवन्धमा छलफल तथा निर्णय गर्ने समितिबाट भएका निर्णय कार्यान्वयनको लागि प्रधान कार्यालय विक्री वितरण विभागमा अनिवार्य रुपमा पठाउने।

(मोहन प्रसाद चन्द)
प्रमुख कार्यकारी अधिकृत

मोहन प्रकाश चन्द
प्रमुख कार्यकारी अधिकृत

बोधार्थ:
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरवार, काठमाण्डौ: समय समयमा तहाँ मन्त्रालयबाट समेत अनुगमन हुन अनुरोध छ।
श्री जिल्ला प्रशासन कार्यालय
...................।
श्री मानव संशाधन विभाग,
श्री वित्तीय व्यवस्थापन विभाग,
श्री आन्तरिक नियन्त्रण विभाग,
श्री खरिद विभाग
खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
प्रधान कार्यालय, काठमाण्डौ।